# सामुदायिक वनमा महिला समूहको औचित्य र प्रभावकारिताः एक विश्लेषण

—— विमला राई (पौड्याल)

## पृष्ठभूमि

नेपालमा सामुदायिक वन (सा.व.) कार्यक्रमले वैधानिकताका साथै प्राथमिकता पाएको दुई दसक भन्दा बढी भै सकेको छ। खासगरी वन संरक्षणका साथै वन विकासमा स्थानीय जनता र सरकार बीचको साझेदारी र समुदायको बढ्दो जिम्मेवारीपन, स्थानीय स्तरमा जनताको सङ्गठन, क्षमतामा विकास र सङ्गठनको माध्यमबाट वन तथा यस्ता सामुदायिक विकास सम्बन्धी स्रोत र साधनमा स्थानीय जनताको पहुँच र नियन्त्रण बढ्नु सा.व. कार्यक्रमका केही महत्वपूर्ण उपलब्धीहरू हुन्।

वनको संरक्षण, दिगो व्यवस्थापन, सुशासनका साथै सा.व. को अर्को उद्देश्य भनेको महिला उपभोक्ताहरूको (जो आफ्नो जीविकोपार्जनको लागि वनसँग प्रत्यक्ष सरोकार राख्दछन्) वन स्रोत माथिको पहुँच र नियन्त्रण बढाउनु र गरिबी तथा लैङ्गिक असमानतालाई कम गर्ने कार्यमा टेवा पुऱ्याउनु पनि हो (वन विभाग १९९८)। तर व्यवहारमा सा.व. समूहमा सम्मिलित उपभोक्ताहरू मध्ये जम्मा १०% मात्र महिलाहरू छन् भने यिनै १०% महिलाहरू मध्ये पनि धेरै कम मात्र सदस्यहरू समूहको निर्णय प्रक्रियामा प्रभावकारी रूपले सहभागी हुन सक्छन् (राई, २०५९)। वर्तमान पितृसत्तात्मक संरचना र यसबाट श्रृजित महिला र पुरूष बीचको असमान शक्ति सम्बन्ध नै सा.व. मा महिलाहरूको न्यून सहभागिताका मुख्य कारणहरू हुन्।

सा.व. मा समूहको सदस्यले मात्र निर्णय प्रक्रियामा सहभागिता र लाभांश वितरणमा आधिकारिकता पाउँछ। आधिकारिक सदस्यता नभएको व्यक्तिले सा.व. को निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागी बन्न पाउँदैन। त्यसैले वन स्रोत माथिको पहुँच बढाउन महिलाहरूको आधिकारिक सदस्यता र प्रभावकारी सहभागिता बढाउनु जरूरी छ। पुरूषको उपस्थितिमा महिलाको सहभागिता र सदस्यता कम हुने तथ्यलाई आत्मसात गरी वन विकाससँग सम्बद्ध सरकारी तथा गैर सरकारी संस्थाहरूले सा.व. मा महिलाहरूको छुट्टै समूह गठन गर्ने प्रक्रियाको थालनी गरेका छन्। हालसम्म देशमा महिलाहरूले मात्रै व्यवस्थापन गरेका महिला वन समूहहरूको संख्या ६०० भन्दा बढी पुगेको छ। महिला वन समूहहरूले महिलालाई सङ्गठित गर्दै जाने प्रक्रियाको थालनी गरेता पनि हालसम्म सङ्गठित महिला समूहहरूको संस्थागत क्षमता र वनको स्थिति हेर्दा छुट्टै समूह खोल्नुको उद्देश्य पूरा हुने कुरामा शङ्का गर्न सकिन्छ।

## महिलाहरुको छुट्टै समूह किन ?

महिलाहरूको मात्र समूह गठन गर्नुको एउटा महत्वपूर्ण उद्देश्य भनेको सा.व. मा हाल देखिएको महिलाहरूको अत्यन्त न्यून सदस्यता र सहभागिताको अवस्थामा सुधार ल्याउनु हो। हुन पनि महिला वन समूह भएपछि स्वभावैले मिश्रित समूहमा भन्दा महिलाहरूको मात्र समूहमा उनीहरूको बढी सदस्यता र सहभागिता हुन्छ। हालसम्म नेपालमा जम्मा १३३०० वन उपभोक्ता समूहहरू मध्ये जम्मा ६६३ (५% भन्दा पनि कम) महिलाहरूले मात्रै व्यवस्थापन र सञ्चालन गरेका सा.व. समूहहरू छन् (सामुदायिक वन महाशाखा २००४)। ती मध्ये ८२% पहाडी क्षेत्रमा र १८%

तराईमा छन् । हुन त यो संख्या मुलुकमा भएका १३ हजार भन्दा बढी समूहको दाजोमा न्यून छ, तर पनि महिला सा.व. बनाउने क्रम भने नेपालभरि नै (विशेष गरी मध्य पहाडी क्षेत्रमा) बढ्दो देखिन्छ ।

| महिला सा.व. गठन | | |
|---|---|---|
| वर्ष | यो वर्ष बनेका सा.व. | यो वर्ष सम्म बनेका सा.व. |
| २०४७ | १ | १ |
| २०४८ | ३ | ४ |
| २०४९ | ५ | ९ |
| २०५० | १५ | २४ |
| २०५१ | ३० | ५४ |
| २०५२ | ४४ | ९८ |
| २०५३ | ६८ | १६६ |
| २०५४ | १०१ | २६७ |
| २०५५ | ८२ | ३४९ |
| २०५६ | ६६ | ४१५ |
| २०५७ | ७३ | ४८८ |
| २०५८ | ६१ | ५४९ |
| २०५९ | ५२ | ६०१ |
| २०६० | ३७ | ६३८ |
| २०६१ | २५ | ६६३ |

एकातर्फ सा.व. मा महिलाहरूको प्रत्यक्ष र प्रभावकारी सहभागिता बढाएर उनीहरूको जीविकोपार्जनमा सहजता ल्याउनु पर्छ भन्ने नीतिगत मान्यता हुनु र अर्कोतर्फ सा.व. विकासमा संलग्न सबै संघ संस्था र परियोजनाहरूको कार्य योजनामा लैङ्गिक समताको लागि दिइएको प्राथमिकताले महिला सा.व. बन्ने प्रक्रियामा टेवा पुगेको हुन सक्छ । यो रणनीति लैङ्गिक समताको लागि सकारात्मक कदम पनि हो । महिला सा.व. गठन गर्नुका मुख्य दुई उद्देश्य छन्: एउटा उद्देश्य भनेको महिलाको व्यावहारिक आवश्यकता मुख्यतया घाँस, दाउरा, काठमा उनीहरूको प्रत्यक्ष पहुँच बढाउनु हो भने अर्को उद्देश्य महिलाहरूलाई सङ्गठित गर्दै र उनीहरूको क्षमता अभिवृद्धि गर्दै समाजमा रहेको असमान शक्ति सम्बन्धलाई चुनौती दिनु हो । सही रूपमा महिला वन समूहको माध्यम द्वारा सा.व. प्रति उनीहरूको प्रत्यक्ष पहुँच र खटन-पटन बढेको खण्डमा र महिलाहरूको साङ्गठनिक विस्तार र क्षमता अभिवृद्धि भएको खण्डमा सा.व. ले महिला र पुरूष बीच अत्यन्तै असमान सम्बन्ध रहेको वर्तमान समाजमा थोरै नै भए पनि सुधार ल्याउन मदत पुऱ्याउन सक्छ । तर यति धेरै आशा गरिहाल्नु भन्दा पहिले हाल गठन भएर वन व्यवस्थापन तथा उपभोग गरिरहेका महिला वन समूहहरूको अवस्था र लैङ्गिक समतामा उनीहरूको प्रभावकारिता तथा योगदानको विश्लेषण हुनु नितान्त जरूरी हुन्छ । अब हामी यो विषयमा छोटो चर्चा गरौं ।

## महिला सामुदायिक वनका विशेषता र प्रभावकारिता

माथि भने झैं संख्यात्मक रूपमा महिला सा.व. समूहहरू मिश्रित समूहको दाँजोमा निक्कै नै कम छन् तरपनि यो संख्या अझै बढ्न सक्ने अनुमान लगाउन सकिन्छ । तर महिलाहरूले व्यवस्थापन गर्ने भनेर जिम्मा दिइएको वनको हैसियत र क्षेत्रफल हेर्दा भने महिला सा.व. गठन गर्नुको उद्देश्य माथि महत्वपूर्ण प्रश्न खडा भएको देखिन्छ । त्यसैगरी महिला सा.व. ले महिलाहरूलाई सङ्गठित गर्ने, सशक्तिकरण गर्ने वा उनीहरूको जीविकोपार्जनमा प्रत्यक्ष मदत पुऱ्याउने जस्ता उद्देश्य पनि पूर्ति गर्न सकेको वा सक्ने स्थिति देखिंदैन ।

### महिला सा.व.को हैसियत र स्रोत माथिको पहुँच

वन विभाग सूचना व्यवस्थापन सङ्कायमा रहेको तथ्याङ्क अनुसार महिला वन समूहहरूले व्यवस्थापन र उपयोग गरेको सा.व. मिश्रित समूहहरूको तुलनामा आधा क्षेत्रफल मात्रै रहेको छ । नेपाल भरिमा मिश्रित सा.व. समूहमा एउटा सा.व. ले औसतमा ०.७३ हेक्टर वन व्यवस्थापन र उपयोग गरेका छन् भने महिला समूहहरूको लागि यो तथ्याङ्क जम्मा ०.३४ हेक्टर रहेको छ

(सामुदायिक वन महाशाखा, २००४) । अझ कुनै-कुनै सा.व. त क्षेत्रफलको हिसाबले नाम मात्रका पनि वन छन् ।

सा. वनको क्षेत्रफल सँगसँगै यसको गुणस्तर, मुख्यतया हस्तान्तरण गर्दाको वनको अवस्थाले पनि उपभोक्ताको वनस्रोत माथिको पहुँचको अवस्थालाई प्रष्ट्याउने गर्छ ।

**महिलाहरूलाई हस्तान्तरण गरिएका वनको अवस्था कस्ता छन त ?**

सा.व. को रूपमा हस्तान्तरण भएका वनको अवस्थाको विश्लेषण गर्दा मिश्रित समूहलाई व्यवस्थापन गर्न हस्तान्तरण गरिएको वनको तुलनामा महिला समूहलाई हस्तान्तरण गरिएको वनको गुणस्तर अत्यन्तै नराम्रो देखिन्छ । देशभरिको तथ्याङ्क हेर्ने हो भने महिलाहरूलाई हस्तान्तरण गरिएका वन मध्ये लगभग ४२% वनको अवस्था (हस्तान्तरण पूर्व) ज्यादै नै नराम्रा छन् भने मिश्रित समूहमा जम्मा २७% वन त्यस्ता अवस्थाका छन् । राप्ती अन्चलका ५ जिल्ला भरिमा हस्तान्तरण भएका ९१ वटा महिला सा.व. समूहको विश्लेषण गर्दा यी वन समूह मध्ये ५५ (६०%) वनको अवस्था अत्यन्तै नराम्रो र २० (२२%) भर्खरै वृक्षारोपण गरिएका छन् भने जम्मा १६ (१८%) ओटा वन मात्र राम्रो अवस्थामा रहेका छन् । अझ कहीँ कहीँ त (उदाहरणको लागि रूकुमको पहिरो महिला सा.व.) वर्षेनी पहिरोले बगाउने गरेको खोलाको बगरलाई पनि सा.व.को रूपमा हस्तान्तरण गरिएको छ (राई २००४) । राम्रो वनको तुलनामा नराम्रो वनको हैसियतमा सुधार ल्याउन उपभोक्ताहरूलाई बढी मेहनत गर्नु पर्छ र त्यसबाट फाइदा लिन पनि तुलनात्मक रूपमा लामो समयसम्म पर्खनुपर्ने हुन्छ । यस अर्थमा एकातर्फ अत्यन्तै कम क्षेत्रफल र अर्कोतर्फ हैसियत बिग्रिएको वन महिला सा.व. को रूपमा हस्तान्तरण गर्दा वनको संरक्षण त हुन्छ नै, तर यसको लागि महिलाहरूले समय र परिश्रम निकै लगाउनु पर्छ र उनीहरूको वन स्रोत माथिको प्रत्यक्ष पहुँच बढाउने भन्ने व्यावहारिक उद्देश्य पनि तत्कालै पूरा हुने देखिदैन ।

महिलाहरूको वन स्रोत माथिको पहुँच बढाउन महिलाहरूको समूह मात्र पर्याप्त हुँदैन, उनीहरूलाई उचित क्षेत्रफल (कम्तीमा मिश्रीत समूहको हाराहारीमा) भएको र राम्रो अवस्थाको ( कम्तीमा घाँस, दाउरा जस्ता अति आवश्यक वन उत्पादन लिन पनि वर्षौं पर्खन नपर्ने) वन हस्तान्तरण गर्नु आवश्यक हुन्छ , जुन अहिले भएको छैन ।

**महिलाहरूको सङ्गठन र क्षमता विकासः रणनीतिक उद्देश्य**

महिला सा.व.को राम्रो पक्ष भनेको सबै वर्ग, जात र पेसाका महिलाहरूलाई एउटै साझा मञ्चमा ल्याएर सङ्गठित गराउनु हो । सैद्धान्तिक रूपमा हेर्ने हो भने यसरी सङगठित शक्तिले राम्रो अवसर पाएमा सामाजिक परिवर्तनमा निकै योगदान पुऱ्याउन पनि सक्छ । तर व्यवहारमा भने त्यसो भएको छैन । प्रायजसो महिला सा.व. समूहका सदस्यहरू (केही हुने खाने र उपल्लो जातिका समितिका प्रतिनिधिहरू बाहेक) सा.व. को अवधारणा र उपभोक्ताको काम कर्तव्यको बारेमा पूरै अनभिज्ञ छन् ।

सा.व. गठन गर्दा यसको उद्देश्य र उपभोक्ताको काम, कर्तव्य र अधिकारको बारेमा जनचेतना जगाउनु सबैभन्दा महत्वपूर्ण कार्य हो । जनचेतना नबढाई समूह गठन गर्दा महिलाहरू सङ्गठित भए तापनि आफ्नो अधिकार प्रति सचेत हुँदैनन् जसले गर्दा यसबाट उपलब्ध हुने फाइदामा यिनीहरूको पहुँच हुँदैन । समूह गठन प्रक्रियामा जनचेताको यति धेरै महत्व हुँदाहुँदै पनि कतिपय महिला समूहहरूमा यो प्रक्रिया सही ढङ्गबाट पूरा भएको छैन जसले गर्दा अधिकांश उपभोक्ता आफ्नो अधिकार प्रति सचेत छैनन् । अझ कति महिला उपभोक्तालाई त आफ्नो समूहको विधान र

कार्ययोजनाबारेमा समेत केही थाहा छैन । रोल्पा जिल्लाको लिवाङ्ग नजिकै रहेको धारापानी महिला सा.व. की एक सदस्य आफ्नो वनबारे भन्छिन्- "यो सरकारी वन हो । रेन्जर साहेवले माथिबाट चिठ्ठी आएको छ, महिला सा.व. बनाउनु पऱ्यो भन्नु भयो र हाम्रो समूह गठन भएको हो । हामीलाई सरकारले राम्रो संरक्षण गर्नको लागि वन दिएको हो । सरकारी वन भएकोले घाँस दाउरा र काठ ल्याउन त हामीले पैसा तिर्नुपर्छ ।"

माथिको भनाइबाट महिला उपभोक्ताहरूलाई वन संरक्षण गर्नुपर्छ भन्ने त थाहा छ तर यसबाट पाउनु पर्ने फाइदाको बारेमा भने कम थाहा छ भन्ने अडकल सजिलै गर्न सकिन्छ । यस्तो अवस्थामा महिला उपभोक्ताहरू सङ्गठित भएपनि एक दुई जना टाठाबाठा र उपल्लो जातिका महिला बाहेक बहुसंख्यक महिलाहरूलाई सा.व. मा सहभागी बनाएर उनीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्य पूरा हुन कठिन छ ।

एकातर्फ अशिक्षा र बेफुर्सदीको कारण महिलाहरू (समिति भित्रै पनि) समूह भित्र आवश्यक लेखापढी र हर हिसाब गर्न सक्दैनन् । त्यसैले कति महिला समूहहरूले पुरूषलाई सचिव बनाउने वा पुरूषहरूको सहयोगबाट हिसाब किताब मिलाउने गरेको पाइन्छ भने कतिले स्थानीय रेन्जरको सहयोगमा यो काम गराइरहेका छन् । अर्कोतर्फ महिलाहरू पुरूषको तुलनामा कमै मात्र गाउँबाट बाहिर हिँड्ने वा बाहिरका संघ संस्थाहरू तथा विकासे कार्यकर्तासँग पुरूषको तुलनामा धेरै कम संसर्गमा आउने हुँदा मिश्रित समूहको तुलनामा महिला समूह आवश्यक सूचना र सञ्चारको पहुँचबाट टाढा देखिन्छन् ।

सैद्धान्तिक रूपमा महिला सा.व. ले महिलाहरूको नेतृत्व विकास गर्ने, उनीहरूको क्षमता अभिबृद्धि गर्ने र सामाजिक र राजनैतिक कार्यमा सहभागी हुने अवसर प्रदान गर्ने भन्ने विश्वास भएता पनि महिला समूह गठन गर्दैमा यसो भएको भने पाइदैन । अन्य कतिपय ठाउँमा त महिला समूहबाट आएका महिला उपभोक्ता भन्दा मिश्रित समूहबाट आएका महिला उपभोक्तामा राम्रो नेतृत्व विकास भएको उदाहरण देखिन्छ । यसको प्रत्यक्ष उदाहरण हालको सामुदायिक वन उपभोक्ता महासंघको कार्यकारी समिति हो । महासंघको हालको कार्यकारी समितिमा जम्मा १६ जना महिलाहरू मध्ये मात्र १ जना महिलाको सा.व. बाट प्रतिनिधित्व छ । अन्य १५ जना महिलाले मिश्रित समूहबाट प्रतिनिधित्व गरेका छन् । महासंघका सदस्यको बिचारमा "महिला मात्रको समूहबाट आएका महिलाहरू पुरूषको अगाडि बोल्नै सक्दैनन् र प्रभावकारी रूपमा महासंघमा प्रतिनिधित्व गर्न सक्दैनन् । त्यो भन्दा मिश्रित समूहबाट आएका महिलाहरूमा नेतृत्व क्षमता राम्रो हुन्छ । पुरूषको अगाडि सुरूसुरूमा गाह्रो माने पनि पछि उनीहरूमा आत्मविश्वास बढ्छ र राम्ररी सहभागी हुन सक्छन् । "

माथिको छलफलले के इङ्गित गर्छ भने महिलाहरूलाई वन स्रोतसँग प्रत्यक्ष पहुँच बढाउने र सङ्गठनको माध्यमबाट उनीहरूको नेतृत्व विकास गर्दै महिला र पुरूष बीचको असमानता कम गर्ने उद्देश्य राखेर महिला समूह गठन गर्ने क्रम बढ्दो भएपनि बहुसंख्यक महिला समूहहरूमा यसको प्रभावकारी कार्यान्वयन र सामाजिक परिवर्तनमा यसले खेलेको भूमिका भने संतोषजनक देखिंदैन ।

## सामुदायिक वनलाई कसरी महिलामुखि बनाउने ?

सा.व.को माध्यमबाट समतामूलक तथा दिगो विकासमा टेवा पुऱ्याउन समुदायका महिला र पुरूष दुबैलाई समेट्दै लैजानु नितान्त जरूरी हन्छ । हुन त सा.व. मा गरिब तथा पछाडि पारिएका

जनजातिका महिला पुरूष दुबैलाई सशक्तिकरणको माध्यमद्वारा समेट्दै लैजानु आजको आवश्यकता हो, तर पनि लिङ्गमा आधारित कार्य विभाजन र लैङ्गिक असमानताको कारण जुनसुकै वर्गमा पनि पुरूष भन्दा महिलाहरू नै जीविकोपार्जनको लागि वन स्रोतमा बढी निर्भर हुनु पर्ने भएकाले यो प्रक्रियालाई महिलामुखी बनाउँदै वन स्रोतमा उनीहरूको प्रत्यक्ष पहुँच बढाउनु बढी आवश्यक देखिन्छ जुन हालको परिप्रेक्ष्यमा सबैभन्दा चुनौतीपूर्ण विषय पनि हो ।

माथि भने जस्तै महिलाको प्रभावकारी सहभागिता गराउन र फाइदामा उनीहरूलाई प्रत्यक्ष भागिदार बनाउन महिला समूह मात्रै बनाएर पुग्दैन । छुट्टै महिला समूह बनाउनु भन्दा मिश्रित समूहमै महिलाहरूको आधिकारिक सदस्यता बढाउने र उनीहरूको क्षमता अभिवृद्धि गर्दै प्रभावकारी सहभागिता गराउनु बढी महत्वपूर्ण र दिगो उपाय हुन सक्छ । यदि छुट्टै समूह निर्माण नै गर्ने हो भने पनि यी समूहहरूको क्षमता विकासका साथै गुणस्तरयुक्त वनमा यिनीहरूको पहुँच र खटनपटन बढाउनु पनि महत्वपूर्ण हुन्छ । यी बाहेक सा.व. मा महिलाहरूको प्रभावकारी सहभागिता बढाउन निम्न रणनीति पनि प्रभावकारी हुन सक्छन् ।

**महिलाको आधिकारीक सदस्यता र प्रतिनिधित्व बढाउने**

महिलाहरूलाई सा.व. मा सम्मिलित गर्न सबै भन्दा पहिलो सर्त भनेको मिश्रित समूह र समितिमा उनीहरूको आधिकारिक सदस्यता बढाउनु हो । महिला समूह निर्माणले केही हदसम्म यो आवश्यकता पूरा गर्न खोजेको पनि छ ।

तर माथि भने झै मिश्रित र महिलाहरूकै छुट्टै समूहमा पनि जनचेतनाको अभावमा बहुसंख्यक महिला उपभोक्तालाई सा.व. प्रतिको उनीहरूको काम कर्तव्य र अधिकारबारे थाहा छैन जस्ले उनीहरूको प्रभावकारी सहभागिता, निर्णय गर्ने क्षमता र फाइदाको न्यायोचित वितरणमा असर पार्छ । त्यसैले महिलाहरूको प्रतिनिधित्व बढाउनु साथै उनीहरूलाई आफ्नो काम र अधिकारको विषयमा सचेत गराउनु सबैभन्दा पहिलो आवश्यकता हो । सा.व. उपभोक्ता समूह गठन प्रक्रियाले निर्दिष्ट गरेका सबै तहहरू राम्रोसँग कार्यान्वयन गर्ने हो भने धेरै हदसम्म यो आवश्यकता पूरा हुने देखिन्छ जुन हाल भएको छैन ।

**महिला समूह गठन र सञ्जाल निर्माण**

महिला उपभोक्ताहरूको छुट्टै समूह मात्र हैन, यी समूह बीचको सञ्जाल निर्माण गर्न सके महिलाहरू बीचमै रहेको अनुभव, सूचना जस्ता स्रोत, साधन र सीपको आदन-प्रदान हुन्छ साथै महिला समूहको एकल शक्तिको भन्दा सञ्जालको कार्य (विशेष गरी महिलाहरू सम्बन्धी नीतिगत सुधार र नीतिगत वकालतको कार्यमा) बढी प्रभावकारी हुन सक्छ । सञ्जालमा रहेर कार्य गर्दा महिला समूहहरू बीच उत्साह, आँट र जाँगर पनि बढ्छ जुन हाल रहेका महिला सा.व. हरूमा खट्किएको विषय पनि हो ।

**नेतृत्व क्षमताको अभाव**

महिला तथा मिश्रित दुबै प्रकारका समूहमा महिलाहरूमा नेतृत्व क्षमताको अभाव देखिन्छ जसको अभावमा उनीहरूको दिगो साङगठनिक र व्यक्तित्व विकास संभव छैन । अशिक्षा, र असमान लैङ्गिक सम्बन्ध (लैङ्गिक कार्य विभाजन, स्रोत, साधन र अवसरमा सीमित पहुँच) महिलाहरूको नेतृत्व विकासमा प्रमुख बाधक तत्वहरू हुन् । यसका लागि मिश्रित र महिला समूहहरूमा महिलाहरूको लागि शिक्षा र सीपको उचित अवसर बढाउने र सा.व. तथा अन्य क्षेत्रमा पनि नेतृत्वको लागि उचित अवसर प्रदान गर्नु पर्छ ।

**प्रतिबद्धता**

महिलाहरूको सशक्तिकरण र नेतृत्व विकासमा सबैभन्दा बढी खट्किएको विषय भनेको प्रतिवद्धताको कमी हो । सा.व. समूहहरूसँगको छलफल र प्रतिक्रियाबाट के देखिन्छ भने सा.व. समूह (मिश्रित र महिला समूह) सरकारी लक्ष पूरा गर्ने उद्देश्यले हतारमा गठन गरिएका छन् । नीतिले निर्दिष्ट गरेको प्रक्रियाको राम्रो कार्यान्वयन भएको त बिरलै मात्र पाइन्छ । कति महिला सा.व. को हकमा त समूह गठन पूर्वको घरधुरी सर्वेक्षणसम्म नगरी समुदायका केही व्यक्तिहरूले आफै तयार गरेको सदस्य सूचीलाई नै मान्यता दिइएको पनि देखिन्छ । यसो हुनुका थुप्रै कारणहरू हुन सक्छन् । पहिलो, सा.व. को नीतिले महिलालाई प्रष्ट रूपले प्राथमिक उपभोक्ता भनेर किटान गरेको भए पनि नियमावली र निर्देशिकाहरूमा महिलाको प्रभावकारी सहभागिता कसरी गराउने भन्नेबारे प्रष्ट उल्लेख भएको छैन । त्यसैगरी जिल्ला तथा क्षेत्रिय इकाइहरूमा कार्यरत जनशक्तिहरूमा महिलाहरूको प्रभावकारी सहभागिताको आवश्यकताको बारेमा महसुस नभएको र महसुस भए पनि नीतिले निर्दिष्ट गरेको रणनीति कसरी समुदायमा लैजाने र व्यवहारमा लागू गर्ने बारेमा अन्योल रहेको स्थिति छ । अझ कतिलाई त सा.व. मा महिलाको सहभागिताको आवश्यकता र अवसर पाएमा उनीहरूले राम्रोसँग वन व्यवस्थापन र उपयोग गर्न सक्छन् भन्ने विश्वास नै नभएको स्थिति पनि छ । यी सबै अप्ठेरा र चुनौतीहरू समाधानमा सबैभन्दा मुख्य कुरा भनेको प्रतिवद्धता हो । जवसम्म सरकारी तथा गैर सरकारी क्षेत्रका सबै तहमा महिलाको प्रभावकारी सहभागिताको आवश्यकताको बारेमा चेतना, सीप जाँगर र असमान शक्ति सम्बन्धलाई चुनौती दिने आँट र प्रतिवद्धता हुँदैन, तवसम्म छुट्टै सा.व. समूह गठन गरेरै महिलाको सहभागिता भयो र सा.व. मा महिलाहरूको राम्रो प्रतिनिधित्व भएको छ, उनीहरूको स्रोत माथिको पहुँच बढेको छ भन्नु उपयुक्त हुँदैन ।

**सन्दर्भ सामग्री**

CFD, 2004. National Database, Community Forestry Division, Department of Forest , Kathmandu

DoF, 1998. Community Forestry for Everybody Forever. Proceedings of the third National Community Forestry Workshop, Kathmandu. Department of Forest, Ministry of Forest & Soil Consevation.

राई, विमला २०५९, सा.व.मा लैङ्गिक समानताको सवाल, हाम्रो वन सम्पदा, वर्ष १ अंक १, फरेष्टएक्सन नेपाल

राई, विमला २०५९, Exclusion of women from community forestry: Are women only approach a right answer? A paper presented in national w/s on Community Forestry Aug- 4-6, Kathmandu.

लेखक ???